**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.४२३**

**पुनरावेदन नं. ०७७-RB-०१८६**

**मुद्दाः– आयकर (२०६९/७०)।**

| | |
|---|---|
| काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.८ सिनामंगल, काठमाडौं स्थित युनाईटेड डाँफे सुनौला खिम्ती जे.भी. (स्थायी लेखा नं.६००२४१७३९) को अख्तियार प्राप्त प्रतिनिधी युनाईटेड विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि.को संचालक ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २ बस्ने वर्ष ६० को सुकुन्तलाल हिराचन.........................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय,काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.९ बत्तिसपुतली, पिंगलास्थान,काठमाण्डौ.........................................................१<br>आन्तरिक राजस्व विभाग, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिकावडा नं.२ लाजिम्पाट, काठमाण्डौ.........................................................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः-आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बबरमहल

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री सुनिल कुमार श्रेष्ठ

शुरु कर्यालयको निर्णय मितिः–२०७०/११/२६

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुवर

निर्णय मितिः- २०७७/०३/०९

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : ×

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**<u>अवलम्वित नजीरः ×</u>**

प्रस्तुत मुद्दामा आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बबरमहलको मिति २०७०/११/२६ को संशोधित कर निर्धारणको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/०३/०९ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. श्री आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बबरमहलको कार्य क्षेत्र अन्तर्गतका करदाता युनाईटेड, डाँफे सुनौलो खिम्ती जे.भी.ले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण बमोजिम आ.व. २०६९/०७० मा जम्मा रु.४,३२,४१,९००।- को विक्री कारोवार गरेको, आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय बिवरण पेश गरेको नदेखिदा उक्त विक्री कारोवार रु. ४,३२,४१,९००।- लाई आयकर ऐन, २०५८ को दफा ९९(२) बमोजिम कुनै ब्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा आय विवरण पेश नभएसम्मका लागि आयकर ऐन, २०५८ को दफा ७(२) (ख) बमोजिम करदाताको मुनाफा र लाभमा समावेश गर्नुपर्ने भएका कारण आयकर ऐन, २०५८ को दफा १५ बमोजिम लागत खर्च दिने तर्फ अघिल्लो आ.व.२०६८।६९ को करदाताले पेश गरेको मूल्य अभिवृद्दि कर विवरण अनुसार मूल्य अभिबृद्धि ५१।०८ प्रतिशत आधार लिंदा हुने लागत खर्च रु.२,११,५३,९३७।४८ खर्च कट्टी गरी बाँकी हुन आउने रकम रु.२,२०,८७,९६२।५२ लाई करयोग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम बमोजिम आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ बाट मिति २०७०/११/१२ मा करदाताको नाममा जारी भएको सूचना ।

२. आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ बबरमहलबाट मिति २०७०/११/१२ मा जारी भएको सूचना करदाताका प्रतिनिधि दिलबहादुर कुँवरले

मिति २०७०/११/१२ मा बुझी जवाफ पेश नगरेको। आय विवरण पनि दाखिल नभएको ।

३. प्रस्तुत करदाताको संशोधित करयोग्य आयमा परिवर्तन हुने नदेखिएको हुँदा आ.व. २०६९/०७० को लागि देहाय अनुसार रू.२,२०,९७,९६२।५२ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम गर्ने गरी आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ बबरमहलबाट मिति २०७०/११/२६ मा खडा भएको निर्णय पर्चा ।

४. आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ बबरमहलले मिति २०७०/११/२६ मा जारी गरेको आ.व. २०६९/७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भी. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०५/१६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. पुनरावेदक करदाता युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भी.ले तिर्नु बुझाउनुपर्ने कर रकम विभिन्न स्थानमा आयोजनाहरु संचालन भईरहेको र सबै स्थान र क्षेत्रबाट कारोबारसँग सम्बन्धित कागजातहरु संकलन गर्न कठिनाई भएका कारण आ.व.२०६९/७० को आय विवरण मिति २०७५/०२/१० मा मात्र पेश गरी कारोबार तथा आय आर्जनसँग प्रत्यक्ष सम्बन्धित खर्च कटाई मुनाफाको कर तिरेको अवस्थामा आयकर ऐन, २०५८ ले तोकेको खर्च दावीबाट बञ्चित गर्ने गरी यस अधिनै आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ ले रु.२,२०,८७,९६२।५२ करयोग्य आय कायम गरेको, आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ बमोजिम आय विवरण बुझाउनुपर्ने कुरा ऐनमा स्पष्ट व्यवस्था रहेको र करदाता युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भी. ले दफा ९९ बमोजिम पेश गरेको विवरण उपर तोकिएको समयमा कार्यालयले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था ऐनको दफा १०१ मा रहेको र यसरी संशोधित कर निर्धारण हुँदा कायम भएको थप आयमा लाग्ने कर तथा ऐनको दफा ११७, ११८, ११९ र १२० बमोजिमको शुल्क तथा ब्याज लाग्ने नै हुँदा कानूनले दिएको अधिकार प्रयोग गरी आन्तरीक राजस्व कार्यालय, काठमाडौं क्षेत्र न. १ बाट भएको कर निर्धारण मिलेकै देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/०३/०९ मा भएको निर्णय ।

६. करदाता युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भी.ले विभिन्न ठाउँहरुमा काम गरेको हुँदा उल्लेखित स्थानबाट आउनुपर्ने कागजातहरु प्राप्त नभएका कारण कानूनले तोकिएको

भन्दा ढिला मिति २०७५/०२/१० मा आ.व. २०६९/७० को आयविवरण आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बबरमहलमा पेश गरेको, अधिकार नै नदिएको व्यक्ति दिलबहादुर कुँवरले सूचना बुझी लिएको भनी करदातालाई सुनुवाईको मौका नै नदिई एकतर्फि रुपमा आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ बबरमहलबाट कानूनी व्यवस्थाको विपरित हुनेगरी आ.व. २०६८/६९ मा पेश भएको मूल्य अभिवृद्दि कर विवरण अनुसारको मूल्य अभिवृद्दि ५१।०८ प्रतिशतलाई आधार लिई लागत खर्च रु.२,११,५३,९३७।४८ खर्च कट्टी गरी बाँकी हुन आउने रकम रु.२,२०,८७,९६२।५२ लाई करयोग्य आय कायम गर्ने गरी आन्तरिक राजस्व कार्यालयबाट मिति २०७०/११/२६ मा गैर कानूनी रुपमा भएको कर निर्धारण निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय वदर गरी पेश गरेको आय विवरणको आधारमा कानून वमोजिम छुट पाउने खर्च प्रदान गरी न्याय पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०६/२२ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०९/१७ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भीका तर्फबाट सुनुवाईको लागि कोही पनि उपस्थित भएको देखिएन।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्धान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले पुनरावेदकले आफुले लिएका दावीहरुलाई ठोस तथा बस्तुनिष्ट प्रमाणको माध्यमबाट पुष्टि गर्न सकेको अबस्था नहुँदा प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय कानूनसम्मत रहेकोले सो निर्णयलाई सदर गरी पाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, सरकारी वकीलबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ बबरमहलबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर आफूलाई सुनुवाईको मौका नै प्रदान नगरी संशोधित कर निर्धारण गरिएको हुँदा संशोधित कर निर्धारण आदेश बदर हुनुपर्छ भन्ने रहेको देखिन्छ। मिसिल संलग्न संशोधित कर निर्धारणको आदेश पर्चा हेर्दा, करदाता श्री युनाइटेड डाँफे सुनौलो खिम्ती जे.भि.ले आ.व. २०६९/०७० मा गरेको कारोवारको लागि आयकर ऐन, २०५८ को दफा ९९ वमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार मिति २०७० असोज मसान्त सम्म भित्र आय विवरण पेश गर्नुपर्नेमा हाल सम्म आय विवरण पेश गरेको नपाइएकोले करदाताको हकमा ऐनको दफा ९९(२) को खण्ड (ख) अनुसार गर्नुपर्ने भई करदाताले पेश गरेको मू.अ.कर विवरण अनुसार आ.व. २०६९/०७० मा जम्मा रु.४,३२,४१,९००।- को विक्री कारोवार गरेकोले सोही रकमलाई आयकर ऐन, २०५८ को दफा ७(२)(ख) वमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्ने देखियो। आयकर ऐनको दफा १५ अनुसार लागत खर्च दिने तर्फ विचार गर्दा अघिल्लो आ.व २०६८/०७९ को करदाताले पेश गरेको मूल्य अभिबृद्धि कर विवरण अनुसार मूल्य अभिवृद्धि ५१.०८ प्रतिशतलाई आधार लिंदा हुने लागत खर्च रु.२,११,५३,९३७।४८ खर्च कट्टी दिइ वाँकी हुन आउने रकम रु.२,२०,८७,९६२।५२ लाई करयोग्य आय कायम गर्न नपर्ने ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) वमोजिम मिति २०७०/११/१२ मा विस्तृत व्यहोरा खुलाई च.नं. ९२९ को पत्रवाट करदाताको नाममा सूचना जारी गरिएको र उक्त सूचना करदाताका प्रतिनिधि दिल बहादुर कुँवरले मिति २०७०/११/१२ मा नै वुझिलिएको भन्ने देखिन्छ। करदाताले निज दिल बहादुर कुँवर आफ्नो आधिकारिक प्रतिनिधि नरहेको र करदाता सँग कुनै सरोकार नरहेको भन्ने जिकिर लिएको भए तापनि करदाता युनाइटेड डाँफे सुनौला खिम्ती जे.भि. को निवेदक धर्मराज भण्डारीले साविक करदाता सेवा कार्यालय वत्तिसपुतलीमा खरिद तथा विक्री खाता प्रमाणित गरी पाउनको लागि मिति २०६९/०४/२२ मा पेश गरेको निवेदनमा यस कम्पनीका कर्मचारी दिल बहादुर कुँवरलाई अख्तियार प्रदान गरेको र निजको कार्य हामीलाई मान्य हुने भन्ने समेत व्यहोरा उल्लेख गरेको भनी प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय गर्दा खुलाईएको आधार प्रमाणबाट देखिंदा आफ्ना कर्मचारी दिल बहादुर कुंवरले सूचना बुझेको अवस्थामा पनि करदाताले सुनुवाईको मौका प्राप्त नगरेको भन्ने पुनरावेदन जिकिर मनासिव देखिएन।

१२. अब करदाताले मिति २०७५/०२/१० मा आय विवरण बुझाएको हुँदा सो विवरणमा उल्लेख भएको कारोवार र प्रत्यक्ष खर्च कटाएर कर निर्धारण हुनु पर्ने भनी लिएको दोस्रो जिकिर तर्फ हेर्दा, आयकर ऐन, २०५८ को दफा ९६ (१) मा प्रत्येक

व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्रमा दफा ९७,९८ र १२० को अधिनमा रही सो वर्षको आय विवरण विभागले तोकेको स्थानमा दाखिला गर्नुपर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ भने सोही ऐनको दफा ९८ मा दफा ९६ वमोजिम आय विवरण दाखिला गर्नुपर्ने कुनै व्यक्तिले विवरण दाखिला गर्ने म्याद भित्र विभाग समक्ष म्याद थपको लागि लिखित निवेदन दिएमा मनासिव माफिकको कारण भएमा विभागले आय विवरण दाखिला गर्नुपर्ने म्याद थप गरिदिन सक्नेछ भन्ने व्यवस्था समेत रहेको देखिन आउँछ । यी करदाताले दफा ९६ वमोजिमको अवधि भित्र आय विवरण पेश गरेको वा दफा ९८ वमोजिम म्याद थपको लागि निवेदन दिएको समेत देखिन आउदैन। यसरी आयकर ऐन, २०५८ को परिपालना नगरी बसेका यी करदाताको हकमा आयकर ऐन, २०५८ को दफा ९९(२) समेतको आधारमा शुरु कर कार्यालय साविक आन्तरिक राजस्व कार्यालय काठमाण्डौं क्षेत्र नं. १ बवरमहलले करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर तर्फको विक्री कारोवारलाई आधार लिई संशोधित कर निर्धारण गर्ने प्रकृया प्रारम्भ गरेको र सो को सूचना पटक-पटक करदातालाई जारी गरेको समेत मिसिलबाट देखियो । यसरी मिति २०७०/११/२६ मा भएको संशोधित कर निर्धारण आदेश उपर धरौटी राखी प्रशासकीय पुनरावलोकनको प्रक्रियामा समेत गएका यी करदाताले विभिन्न ठाँउहरुमा काम गरेकोले उल्लिखित स्थानहरुवाट आउनु पर्ने कागजातहरु नआएको हुँदा आ.व. २०६९/०७० को आय विवरण २०७५/०२/१० मा पेश गरेको भनी लिएको पुनरावेदन जिकिरको कुनै कानून सम्मत आधार देखिन आएन। जुन सुकै कारण देखाएर ५ वर्ष सम्म आय विवरण नबुझाउने र पाचौं वर्षमा आएर बुझाएको आय विवरणको आधारमा संशोधित कर निर्धारण हुनु पर्ने भन्ने करदाताको जिकिर औचित्यपूर्ण नदेखिंदा यस्तो औचित्यहीन पुनरावेदन पत्र माथि थप विचार गरिरहनु पर्ने देखिएन।

१३. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री युनाईटेड डाँफे सुनौलो खिम्ती जे.भी. (स्थायी लेखा नं. ६००२४१७३९) को आ.व. २०६९/७० को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ बबरमहलबाट मिति २०७०/११/२६ मा भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७/०३/०९ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

३. फैसलाको विधुतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय बत्तिसपुतली पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

नायव सुब्बाः धनपति चम्लागाँई

इतिसम्बत २०८० साल जेष्ठ २१ गते रोज शुभम्...............................

फैसला प्रमाणिकरण गर्नेः-

फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाण्डौंको छाप